फोन नं.- 091-560488
फयाक्स नं- 091-560488
इमेल:-tikapurhospital@gmail.co

सुदूरपश्चिम प्रदेश सरकर
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय

# टीकापुर अस्पताल

टीकापुर, कैलाली ।

## सेवा करारमा लिने सम्बन्धि सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/०६/०७)

यस टीकापुर अस्पताल टीकापुर, कैलालीको लागि स्वास्थ्य सेवामा देहाय बमोजिमका पदहरुमा सेवा करारमा लिनुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागिरकहरुले यो सूचना प्रकाशित भएको मितिले १० (दश) दिन भित्र (२०८०/०६/१६) दिनको ५.०० बजेसम्म इमेल मार्फत दरखास्त दिनहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | समूह/उपसमूह | माग पद संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २०८०/८१/०१ | कन्सल्लटेण्ट पेडियाट्रिसियन | ९ औ | पेडियाट्रिक्स | १ | |
| २ | २०८०/८१/०२ | कन्सल्टेण्ट इ.एन.टी. सर्जन | ९ औ | अटोरिनो ल्यारिङ्गोलोजी | १ | |
| ३ | २०८०/८१/०३ | कन्सल्टेण्ट एनेस्थेसियोलोजिष्ट | ९ औ | एनेस्थेसियोलोजी | १ | |
| ४ | २०८०/८१/०४ | कन्सल्टेण्ट फिजिसियन | ९ औ | मेडिसिन | १ | |
| ५ | २०८०/८१/०५ | कन्सल्टेण्ट रेडियोलोजिष्ट | ९ औ | रेडियोलोजी | १ | |
| ६ | २०८०/८१/०६ | मेडिकल अधिकृत | ८ औ | जनरल हेल्थ सर्भिसेज | ५ | |

१ योग्यता

क. नेपाली नागरिक हुनुपर्नेछ ।

ख. न्यूनतम योग्यताः माथि उल्लेखित पदहरुमा उम्मेदवार हुन नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्था वा विश्वघालयबाट सम्बन्धित विषयमा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची-६ बमोजिम सम्बन्धित समूह तथा उपसमूह रहने पदहरुको लागि तोकिएको योग्यता पुरा गरेको हुनु पर्नेछ ।

ग. उमेर हदः २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनु पर्नेछ ।

घ. सम्बन्धित व्यवसायिक परिषदमा दर्ता तथा नविकरण समेत भएको हुनुपर्नेछ ।प्रचलित कानूनद्धारा अयोग्य नभएको हुनुपर्नेछ ।

क्र.स.

नि.प्र.मेडिकल सुपरिन्टेण्डेण्ट

Scanned with CamScanner

**२.दरखास्त दिने विधि:** योग्यता पुगेका इच्छुक उम्मेदवारहरुले यस अस्पतालको इमेल vacancythp@gmail.com मार्फत दरखास्त फाराम पेश गर्नुपर्नेछ ।दरखास्त फाराम अस्पतालको वेबसाइट tikapurhospital.gov.np बाट प्राप्त गर्न सकिनेछ । दरखास्तको शुल्क लाग्ने छैन । इमेल मार्फत पठाइएको दरखास्त मात्रै छनौट प्रकृयामा समावेश गरिनेछ ।

३. **दरखास्त दिने मिति:** विज्ञापन भएको मितिले १० दिन भित्र दरखास्त इमेल मार्फत पेश गरिसक्नुपर्नेछ । दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलीपल्टसम्म इमेल मार्फत दरखास्त दिन सकिनेछ । म्याद नाघी पेश भई आएका दरखास्त माथि कुनै कारवाही हुने छैन ।

४. **दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरु:** दरखास्त फाराम भरी फाराममा तोकिएको स्थानमा पासपोर्ट साइजको फोटो १ प्रति टाँसी, उम्मेदवारको व्यक्तिगत विवरण (CV), पछिल्लो शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि, सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि (नवीकरण सहित), अनुभवको प्रमाणपत्रको प्रतिलिपि र नेपाली नगरिकताको प्रमाणपत्रको प्रतिलिपिहरुको स्क्यान कपी (PDF) सम्बन्धित इमेल मार्फत पेश गर्नुपर्नेछ ।

५. **छनौट प्रकृया:** सुदूरपश्चिम प्रदेश, सामाजिक विकास मन्त्रालयद्वारा स्वीकृत "करार सेवामा चिकित्सक तथा स्वास्थ्यकर्मी पदपूर्ति गर्ने सम्बन्धि मापदण्ड, २०७७" बमोजिम अन्तर्वार्ताको विधिबाट छनौट हुनेछ ।

६. **सेवा सुविधा:** छनौट भएका चिकित्सक तथा स्वास्थ्यकर्मीहरुलाई पारिश्रमिक प्रदेश सरकारको नियमानुसार र अन्य सेवा सुविधा तथा शर्तहरु सम्झौतामा उल्लेख भएअनुसार हुनेछ ।

७. अन्तर्वाताको मिति सम्बन्धि सूचना यस अस्पतालको वेबसाइट tikapurhospital.gov.np मा सार्वजनिक गरिनेछ। संक्षिप्त सूचिमा छनौट भएका उम्मेदवारहरुलाई मात्र अन्तर्वार्तामा सहभागी गराईने छ । अन्तर्वार्तामा आउदा सक्कल कागजात सहित उपस्थित हुनुपर्नेछ।

८. अन्तर्वार्तामा उम्मेदवार तथा पेश गरिएका अन्य कागजात झुठो ठहर भएमा प्रचलित नियमानुसार कारवाही गरिनेछ।

नि.प्र.मेडिकल सुपरिन्टेन्डेण्ट

Scanned with CamScanner

## करार सेवामा चिकित्सक वा स्वास्थ्यकर्मि पदपुर्ति गर्नका लागि

## आवेदन फारम

(व्यक्तिगत)

फोटो

मिति:20 / /

विषयः करार सेवामा कामकाजको लागि आवेदन पेश गरेको ।

श्रीमान प्रमुख मे.सु.ज्यु ,
टीकापुर अस्पताल
टीकापुर, कैलाली ।

यस टीकापुर अस्पतालको मिति 20 / / को सुचना अनुसार करार सेवामा चिकित्सक/स्वास्थ्यकर्मि पदपुर्ति गर्नका लागि विज्ञापन भएकोमा ........................................ पदका लागि मेरो योग्यता तथा अन्य आवश्यक दक्षता पुग्ने भएकोले उक्त पदमा करार सेवामा नियुक्त भई स्वास्थ्य सेवा उपलब्ध गराउने ईच्छा रहेको हुदा करार सेवामा कामकाजको लागि आवेदन पेश गरेको छु ।

<u>निवेदकको विवरणः</u>

क)नाम, थरः
ख)परिषद् दर्ता नं.:
ग)शैक्षिक योग्यताः
घ)मोबाइल नं. :
ङ)हस्ताक्षरः
च)इमेल ठेगानाः
छ)हालको ठेगानाः

<u>आवश्यक कागजातः</u>

१) नागरिकताको फोटोकपी
2) शैक्षिक योग्यताको प्रमाण पत्र
3) काउन्सिल दर्ता प्रमाण पत्र

Scanned with CamScanner